श्री

**राजस्व न्यायाधिकरण काठमाडौं**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

२०७६।०७७ सालको निर्णय नं. ५५

पुनरावेदन नं.०७४-**RB**-०१७३

**मुद्दाः-आयकर।**

| | |
|---|---|
| जिल्ला बारा भवानीपुर जितपुर बारा हाल जितपुर सिमरा उप.महा-नगरपालिका वडा नं.७ मा कारखाना रहेको नेहाल स मिल एण्ड फर्निचर उद्योगको प्रो.ऐ.ऐ. बस्ने बर्ष ३८ को सगिर अन्सारी .........................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| आन्तरिक राजस्व कार्यालय सिमरा बारा ........................................................१ | प्रत्यर्थी |

उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री जगदिश घिमिरे

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेत

शुरु निर्णय गर्ने कार्यालयः श्री आन्तरिक राजस्व कार्यालय सिमरा बारा ।

शुरु निर्णय गर्ने पदाधिकारीः - प्रमुख कर अधिकृत श्री कृष्णप्रसाद पराजुली ।

शुरु निर्णय मितिः २०७१/०३/३२

आन्तरिक राजस्व कार्यालय सिमराबाट मिति २०७१/०३/३२ मा भएको निर्णय उपर प्रशासकिय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभागमा निवेदन दर्ता गराई ताँहा कार्यालयबाट कुनै जानकारी प्राप्त नभएपश्चात आन्तरिक राजस्व कार्यालय सिमराको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) तथा आयकर ऐन २०५८ को दफा ११६(१) बमोजिम दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ।

**तथ्य खण्ड**

१. स्थायी लेखा नम्बर ३०१९१८०१९ का करदाता श्री नेहाल स मिल फर्निचर उद्योगले आर्थिक बर्ष २०६६/०६७ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर

निर्धारण गरी २०६७ असोज भित्र पेश गर्नुपर्नेमा उक्त मिति सम्म पनि पेश गरेका रहेनछन्।

२. उक्त आ.व. को लागि आन्तरिक राजस्व कार्यालयबाट करदाताले विभिन्न मितिमा पेश गरेका मू.अ.कर विवरणको आधारमा करदाताको आ.व. २०६६/०६७ को लागि आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि संशोधित करयोग्य आय कायम गर्नुभएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस् सबूद प्रमाण भए उक्त पत्र प्राप्त मितिले १५ दिनभित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम करदातालाई मिति २०७१/०३/१५ मा विस्तृत व्यहोरा खुलाई लिखित सूचना जारी गरिएको रहेछ।

३. करदातालाई लिखित सूचना जारी गरिएको पत्र करदाताले मिति २०७१/०३/१६ मा बुझेका रहेछन्।

४. पत्र प्राप्त भएपश्चात करदाताले सो को जवाफ उल्लेखित म्यादभित्र पेश गरेको नदेखिएको।

५. करदाताको आ.व. २०६६/०६७ को लागि रु. २७,९३,८७१/- आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम करयोग्य आय कायम गरी संशोधित कर निर्धारण गर्ने भन्ने समेतको आन्तरिक राजस्व कार्यालय सिमराबाट मिति २०७१/०३/३२ मा भएको आदेश।

६. आन्तरिक राजस्व कार्यालयको कर निर्धारण आदेश उपर चित्त नबुझी करदाताले आन्तरिक राजस्व विभागको प्रशासकिय पुनरावलोकनका लागि निवेदन दिएका रहेछन्।

७. करदाताले प्रशासकिय पुनरावलोकनका लागि निवेदन दिएकोमा उक्त निवेदन उपर भएको निर्णयको प्रतिलिपी माग गरेकोमा निर्णय प्रतिलिपी प्राप्त नभएको।

८. निर्णय प्रतिलिपी प्राप्त नभएकोमा आयकर ऐन २०५८ को दफा ११५(८) बमोजिम निवेदकको प्रशासकिय पुनरावलोकनको निवेदन मागदावी अस्विकार भएको मानी यस राजस्व न्यायाधीकरणमा करदाताले पुनरावेदन दर्ता गराएका रहेछन्।

९. कर कार्यालयबाट अन्तिम कर निर्धारण आदेश गर्ने क्रममा म पुनरावेदकले पेश गरेको आय विवरणका आधारमा कर निर्धारण गर्नुपर्नेमा आय विवरण पेश नै नभएको अवस्थामा गरिएको संशोधित कर निर्धारण आदेश कानून विपरित रहेको छ। म पुनरावेदकले आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम पेश गर्नु पर्ने आय विवरणका आधारमा मात्र कर निर्धारण आदेश हुनुपर्नेमा आन्तरिक राजस्व कार्यालयबाट आय विवरण पेश नभएको अवस्थामा उक्त अन्तिम कर निर्धारण आदेश गर्ने काम भएको छ। आ.व. २०६६/०६७ को आय विवरण मिति २०७१/०८/२९ मा ढिला गरी पेश भएको अवस्थामा आयकर ऐन २०५८ को दफा ११७ बमोजिम ढिला विवरण पेश भएवापत ब्याज तथा शुल्क लाग्ने सम्मको कानूनी व्यवस्था रहेकोमा मुल्य अभिवृद्धि कर ऐन

बमोजिम पेश भएको मासिक विवरणका आधारमा भएको अन्तिम कर निर्धारण आदेश आफैंमा कानून विपरित रहेको छ। मलाई आन्तरिक राजस्व कार्यालयले कुनै पनि पत्र नबुझाएको, उक्त कार्यालयबाट जारी भएको सूचना प्राप्त समेत नगरेको अवस्थामा म पुनरावेदकले जवाफ नफिराएको भनि लिएको आधार प्राकृतिक न्यायको सिद्धान्त विपरित रहेको छ। अत म पुनरावेदकलाई कर तिर्ने गरी आदेश गर्दा आदेशमा यो यस कारणले कर तिर्नु पर्ने हो भनि स्पष्ट आधार र कारण खुलाई ऐनका दफा सहित बेहोरा प्रष्ट साथ बुझिने गरी कर निर्धारण आदेश गर्नुपर्नेमा उक्त कार्यालयको निर्णयमा कुनै आधार कारण एवं कानूनको दफा समेत उल्लेख नगरी भएको अन्तिम कर निर्धारण आदेश आफैंमा त्रुटिपुर्ण रहेकोले बदर गरी पाउँ भन्ने समेतको करदाताले यस न्यायाधीकरण समक्ष पेश गरेको पुनरावेदन पत्र।

१०. यसमा मुलुकी फौज्दारी संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधीकरणबाट भएको आदेश।

११. यसमा पुनरावेदकले प्रशासकिय पुनरावलोकनका लागि निवेदन दर्ता गराएको तर कुनै निर्णय नभएको भनी उल्लेख गरेको हुँदा सो बमोजिम पुनरावेदकले दर्ता गरेको निवेदन उपर कुनै निर्णय भएको छ, छैन? भएको भए निर्णय सहितको मिसिल र नभएको भए सोही बेहोराको जानकारी पठाईदिनु भनी आन्तरिक राजस्व विभागमा लेखी पठाई मिसिल वा जवाफ प्राप्त भएपछि नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधीकरणबाट भएको आदेश।

## ठहर खण्ड

१२. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्र एवम प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो।

१३. पुनरावेदक नेहाल स मिल एण्ड फर्निचर उद्योगका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री जगदिश घिमिरेले कर कार्यालयले करदाताबाट पेश भएको आय विवरणका आधारमा कर निर्धारण गर्नुपर्नेमा सो बमोजिम नगरेको, करदाताले आ.व.२०६६/०६७ को आय विवरण ढिला पेश गरेको र उक्त विवरण ढिला गरेको अवस्थामा आयकर ऐन, २०५८ को दफा ११७ बमोजिमको कानूनी व्यवस्था अनुरुप गर्नुपर्नेमा करदाताबाट मासिक रुपमा पेश भएको विवरणको आधारमा भएको निर्णय साथै शुरु कार्यालयबाट जारी गरिएको भनिएको पत्र करदाताले बुझेको अवस्था समेत नभएको परिप्रेक्षमा प्राकृतिक न्यायको सिद्धान्त विपरित हुने गरी आन्तरिक राजस्व कार्यालय सिमराबाट भएको निर्णय त्रुटिपूर्ण र कानूनसम्मत नरहेको हुँदा उक्त निर्णय बदर गरी करदाताले आन्तरिक राजस्व कार्यालयमा पेश गरेको आय विवरणका आधारमा कर निर्धारण गरी पाउँ भनी तथा प्रत्यर्थीका तर्फबाट उपस्थित हुनुभएका बिशेष सरकारी वकिल कार्यालय, काठमाण्डौका विद्वान उप-न्यायाधीवक्ता श्री शम्भुकुमार बस्नेतले शुरु आन्तरिक राजस्व कार्यालय

सिमराले गरेको निर्णय कानूनसम्मत रहेको हुँदा सो निर्णय बमोजिम नै फैसला गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१४. उपर्युक्त तथ्य, पुनरावेदन जिकिर एवं बहस बूदा समेत रहेको प्रस्तुत मुद्दामा शुरु आन्तरिक राजस्व कार्यालय सिमराले गरेको निर्णय मिलेको छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्ने हो, होईन भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखियो।

१५. अव निर्णयतर्फ विचार गर्दा, यसमा करदाता नेहाल स मिल एण्ड फर्निचर उद्योगले आ.व.२०६६/०६७ को आय विवरण मिति २०६७ साल असोज मसान्तभित्र पेश गरी सो अनुसार कर दाखिला गर्नुपर्नेमा उक्त कार्य गरेको नदेखिएको साथै यस सम्बन्धमा करदाताले आन्तरिक राजस्व कार्यालय सिमरालाई कुनै जानकारी समेत नदिएको कारणबाट आन्तरिक राजस्व कार्यालय सिमराले आयकर ऐन, २०५८ को दफा ९९ को उपदफा २ बमोजिम कर निर्धारण गरेको मानी उक्त आ.व.को लागि ऐ.ऐनको दफा १०१(१) बमोजिम करदाताको नाममा रु.२७,९३,८७१/- करयोग्य आय कायम गर्ने गरी अन्तिम कर निर्धारण आदेश जारी गरेको देखियो।

१६. आन्तरिक राजस्व कार्यालयबाट भएको निर्णयमा चित्त नबुझाई करदाताले प्रशासकिय पुनरावलोकनका निम्ति आन्तरिक राजस्व विभागमा गएकोमा ताँहा विभागबाट उक्त निर्णयको जानकारी प्राप्त नभएपछि करदाता ऐनका म्यादभित्र यस न्यायाधीकरणमा पुनरावेदनको लागि आएको देखियो। पुनरावेदकले पुनरावेदन पत्रमा लिएको जिकिरका सम्बन्धमा विवेचना गर्दा पुनरावेदन करदाताले आ.व. २०६६/०६७ को आय विवरण ऐनले तोकिएको समयसिमा भित्र पेश गरेको देखिदैन। कर कार्यालयले आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम करदाताले पेश गरेको आय विवरणका आधारमा कर निर्धारण गर्नुपर्ने भन्ने प्रावधान रहेको देखिन्छ। साथै करदाताले आ.व.२०६६/०६७ को आयविवरण मिति २०७१/०८/२९ मा ढिलो गरी पेश गरेको मिसिल संलग्न कागजातबाट देखिन आयो। कानूनतः कुनै करदाताले ढिलो गरी आफ्नो आय विवरण पेश गरेको अवस्थाबाट करदातालाई उक्त कार्यको लागि ब्याज शुल्क लाग्ने भन्ने प्राबधान आयकर ऐन २०५८ को दफा ११७ मा उल्लेख भएको पाईन्छ। सोही ऐनले निर्दिष्ट गरे बमोजिम हुने गरी आन्तरिक राजस्व कार्यालय, सिमराले करदातालाई कर निर्धारण गर्नुपर्नेमा उक्त व्यवस्था बमोजिम भए गरेको नदेखिई करदाताबाट ताँहा कार्यालयमा पेश भएको विवरणका आधारमा गरिएको अन्तिम कर निर्धारण आदेश कानून तथा न्यायको रोहबाट भएको भन्न मिल्ने देखिएन।

१७. करदाताले आय विवरण आन्तरिक राजस्व कार्यालय सिमरालाई बुझाउने सम्बन्धमा निज करदातालाई ताँहा कार्यालयबाट पत्राचार भएको भन्ने ब्यहोराका सम्बन्धमा हेर्दा, आन्तरिक राजस्व कार्यालय, सिमराले करदातालाई कुन चलानी मार्फत, कहिले र कोबाट कसलाई पत्र प्रेषित गरेको तथा बुझाएको भन्ने स्पष्ट खुलन आएको देखिएन। न्याय इन्साफ गर्नुपूर्व अभियोग लागेकालाई सुनुवाई र सफाईको प्रशस्त मौका प्रदान गरिनुपर्ने भन्ने स्वच्छ

सुनुवाईको सिद्धान्त विपरित भएको आन्तरिक राजस्व कार्यालयको निर्णय आफैंमा प्राकृतिक न्यायको सिद्धान्त विपरित रहेको देखियो। तसर्थ शुरु आन्तरिक राजस्व कार्यालय सिमराबाट भएको निर्णय मिलेको देखिन आएन।

१८. अतः यसमा स्थायी लेखा नम्बर ३०१९१८०१९ भएका पुनरावेदक करदाताको आ.व. ०६६/०६७ को आयकर निर्धारणका सम्बन्धमा आन्तरिक राजस्व कार्यालय सिमराको मिति २०७१/०३/३२ को निर्णय मिलेको नदेखिँदा बदर गरिदिएको छ। अव जो जे बुझ्नु पर्छ बुझी पुन छानविन गरी फैसला भएको मितिले ३ महिना भित्र कर निर्धारण गर्नु भनि शुरु कार्यालयमा पठाउने ठहर्छ। अरु तपशील बमोजिम गर्नु।

तपशील खण्ड

माथि इन्साफ खण्डमा लेखिए बमोजिम शुरु आन्तरिक राजस्व कार्यालय, सिमराबाट भएको निर्णय उल्टी हुने ठहरी फैसला भएको हुँदा फैसला भएको मितिले ३ महिना भित्र जो जे बुझ्नु पर्छ बुझी पुन छानबीन गरी कर निर्धारण गर्नु भनि आन्तरिक राजस्व कार्यालय, सिमरालाई लेखी पठाउनु..........................................................................................१

फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु.........................................................................................................................२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू.........................................................................................३

जीवन कुमार घिमिरे
(राजश्व सदस्य)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

किशोर शिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुने:-</u>

शाखा अधिकृतः श्री प्रमोद रिजाल

फाँट (क)

इति सम्बत २०७६ साल कार्तिक ३ गते रोज १ शुभम ............... ...........................